


यौन दुराचारले यौन शोषण र दुर्व्यवहार(SEA) र यौन उत्पीडन/प्रताडना (SH) दुवैलाई समेट्छ ।

यौन शोषण र दुर्व्यवहार लैङ्गिकतामा आधारित हिंसाको एउटा निश्चित रूप हो जसमा असमान शक्ति सम्बन्धहरू समावेश हुन्छन् । विकास र मानवीय सहायताको सन्दर्भमा विकास र मानवीय सहायताकर्मीहरू विरुद्ध पनि यौन शोषण र दुर्व्यवहारका घटनाहरूको उजुरी प्राप्त हुने गरेको छ ।

## यौन शोषण

यौनजन्य प्रयोजनका लागि जोखिम, भिन्न शक्ति वा विश्वासको स्थितिको वास्तविक दुरुपयोग वा त्यसको प्रयास गरिएको अवस्था । सहमतिमा गरिने यौन गतिविधिहरू पनि यौन शोषणमा पर्नसक्छन् ।

## यौन शोषणका उदाहरणहरू

• लेनदेनजन्य यौन सम्पर्क : यौनजन्य लाभ र अन्य प्रकारका अपमानजनक, अवमुल्यनकारी वा शोषणजन्य व्यवहारसहित पैसा, रोजगारी, वस्तु, वा सेवाहरूको सट्टामा हुने यौन सम्पर्क ।

• लेनदेनजन्य यौन सम्पर्कका लागि आग्रहः लेनदेनजन्य यौन सम्पर्कका लागि कुनै आग्रह ।

• शोषणजन्य सम्बन्धः शक्तिशाली पदमा रहेको व्यक्ति र जोखिमको स्थितिमा रहेको व्यक्तिबीचको कुनै पनि अपमानजनक, अवमुल्यनकारी वा शोषणजन्य यौन सम्बन्ध ।

• वेश्यावृत्तिः वेश्यावृत्तिलाई कानुनी मान्यता प्राप्त देशहरूमा समेत यदि कर्मचारीहरु वेश्यागमनका कार्यमा संलग्न भएमा त्यसलाई यौन शोषण मानिन्छ



## यौन दुर्व्यवहार

यौनजन्य प्रकृतिको वास्तविक वा धम्कीपूर्ण शारीरिक भेदन्, चाहे त्यो बलजफ्त वा असमान वा दवाबमूलक अवस्थाहरूमा हुने क्रियाकलाप ।

## यौन दुर्व्यवहारका उदाहरणहरू

यौनजन्य आक्रमणः शारीरिक निष्ठा र यौन स्वायत्तताको उल्लङ्घन हुने गरी गरिने यौनजन्य हिंसात्मक कार्य

१८ वर्ष मुनिका बालबालिकासंग गरिने यौनजन्य गतिविधि । बालबालिकाले दिने सहमतिलाई सहमति मानिदैन ।

बलात्कार: सम्बन्धित व्यक्तिको सहमति विना सो व्यक्तिको यौनांग र / वा शरीरको कुनै पनि भाग वा अङ्गको भेदन्

## यौन उत्पीडन (ह्यारासमेन्ट)

यौन उत्पीडनले यौनजन्य प्रकृतिको कुनै पनि अप्रिय व्यवहारलाई जनाउँछ जुन अर्को व्यक्तिलाई अपमान वा अवमुल्यनको कारण बन्ने यथोचित रूपमा अपेक्षित हुन सक्छ, थवा तल उल्लेखित आचरण अनुसारका कार्य गरेमा त्यसको अनुमान लगाउन सकिन्छ,

क. काममा बाधा पर्ने,

ख. रोजगारीको शर्त बनाइएको छ,

ग. वा काम गर्ने वातावरणलाई डर, शत्रुतापूर्ण वा आपत्तिजनक बनाइएको।

## यौन उत्पीडनका उदाहरणहरू

• शारीरिक आचरणः अस्वभाविक स्पर्श, अँगालो हाल्ने, चुम्बन गर्ने, धाप मार्ने, आपत्तिजनक रूपमा आफूलाई अर्को व्यक्तिसमक्ष खुलासा गर्ने, अर्को व्यक्तिलाई यौनजन्य रुपमा छुने वा घर्षण गर्ने आदि।

• मौखिक आचरणः यौनजन्य गाली, यौनजन्य संकेत, ठट्टा; यौन सम्बन्धका लागि अनावश्यक भेटघाट वा लगातार अवान्छित प्रस्तावहरू; यौनजन्य कल्पनाका बारेमा सोध्ने, अनिच्छित जिस्काउने कार्य, आदि ।

• गैर–मौखिक आचरणः आपत्तिजनक यौनजन्य एसएमएस, इमेल, तस्विहरू, अश्लील सामग्री वा उपहारहरू पठाउने, दिने वा देखाउने; अन्तर्निहित सन्देशसहित यौनजन्य हेराई ।



# यौन शोषण र दुर्व्यवहार वा यौन उत्पीडनमा कुनै बहाना चल्दैन

हामीले काम गर्ने कार्यालय र समुदायमा सम्मानजनक वातावरण निर्माण गरी त्यसलाई कायम राख्नु संयुक्त राष्ट्रसंघका प्रत्येक कर्मचारीको जिम्मेवारी हो ।

हरेक व्यक्तिलाई देहाय अनुसारको अधिकार छ:

- आफ्नो उमेर, लिङ्ग, जात, धर्म, जातियता वा क्षमता आदि जे–जस्तो भएपनि निष्ठा र सम्मानका साथ व्यवहार गरिने
- कुनै पनि प्रकारको यौन शोषण, दुवर्यवहार, उत्पीडन वा हिंसाबाट मुक्त जीवन बिताउने
- सुरक्षित र सम्मानजनक वातावरण प्राप्त गर्न



# संयुक्त राष्ट्रसंघमायौन दुर्व्यवहार दुराचार विरुद्ध शून्य सहनशीलताको नीति छ ।

यौन दुर्व्यवहार / दुराचार को कुनै पनि घटना वा आशंका बारे ०१–४२९००९८ मा उजुरी गरिनु पर्छ ।

यौन शोषण र दुर्व्यवहार, र यौन उत्पीडनको उजुरी नाम उल्लेख नगरी गर्नसक्ने विकल्प छ । उजुरी गरिएका सबै घटनाहरूको गोप्य रूपमा व्यवस्थापन गरिनेछन् ।

उजुरी गरेपछि पीडित / प्रभावितलाई तत्कालै सहयोग उपलब्ध गराइनेछ र घटनाको अनुसन्धान गरिनेछ ।

यदि यौन दुर्व्यवहार तथा शोषण र यौन उत्पीडनको घटना प्रमाणित भएमा पीडक विरुद्ध अनुशासनात्मक वा प्रशासनिक कारबाही गरिनेछ । यसमा निलम्बन, कार्यस्थलबाट तत्काल फिर्ता, बर्खास्त र भविष्यमा संयुक्त राष्ट्रसंघका लागि काम गर्नबाट निषेध गरिने कार्यहरू समावेश हुनसक्छन् । पीडकलाई लागू हुने अवस्थामा फौजदारी अभियोजनका लागि सिफारिस गर्न सकिन्छ ।






# संयुक्त राष्ट्रसंघमा यौन दुराचार निषेधित छ

UNITED NATIONS NEPAL